# विश्व न्याय गृह
## रिज्वान २०१३

विश्वका बहाईहरूका लागि

परम प्रिय मित्रहरू

"ईश्वरको पुस्तक पूर्णतया खुला गरिएको छ, र उहाँको शब्दले मानवजातिलाई उहाँतिर आह्वान गरिरहेको छ।" सर्वोच्च लेखनीले यस्तो उत्साह भरिएको शब्दमा एकता र सम्मिलनको युगको आगमनको वर्णन गरिएको छ। बहाउल्लाहले अगाडि भन्नुहुन्छ,: "हे ईश्वरका मित्रहरू हो, उहाँको आवाजलाई सुन्न, तिम्रा कानहरूलाई सतर्क बनाऊ, जो यस संसारद्वारा दोषी ठहऱ्याइएको छ, जस्तोभए पनि उहाँको धर्मको प्रशंसा दृढतापूर्वक गर।" उहाँले फेरि आफ्ना अनुयायीहरूलाई भन्नुहुन्छ : "अत्यन्त मित्रता र पूर्ण बन्धुत्वको भावनाकासाथ परस्परमा परामर्श गर, र आफ्नो जीवनको बहुमूल्य दिनलाई यस संसारको उन्नति गर्न तथा उहाँको धर्मको संवृद्धिमा लगाईदेऊ जो पुरातन हुनुहुन्छ र सबका स्वामी हुनुहुन्छ।"

प्रिय मित्रहरू : जब हामी बहाउल्लाहको आह्वानको उत्तरमा समस्त विश्वमा तपाईंले गर्नु भएको पावन प्रयासमा दृष्टि दिंदछौं ती मर्मस्पर्शी वचन अनायासरुपमा याद आउँछन्। उहाँको आह्वानको भव्य प्रत्युत्तरको प्रमाण जताततैबाट देख्न सकिन्छ। व्यक्ति जसले दिव्य योजनाको अहिलेसम्म विस्तारको बारेमा केही समय रोकिएर मनन गरेमा उनको लागि यस कुरालाई नकार्न असंभव हुनजान्छ कि कुन तरिकाले ईश्वरीय शब्दको शक्ति एउटा देशबाट अर्को देशमा, एउटा क्लस्टरबाट अर्को क्लस्टरमा, महिला र पुरुष, बाल-बालिका वा युवाको हृदयमा आरोहित भएको छ।

आफूले तुरुन्तै यथार्थलाई पढ्ने, आफ्ना सम्भावनाहरूलाई विश्लेषण गर्ने र पाँच वर्षे योजनाको तरिका र संयन्त्रहरूलाई बुद्धिमत्तापूर्वक प्रयोग गर्नको लागि एक विश्वव्यापी समुदाय आफ्नो योग्यताको परिष्कृत गर्नको लागि जुटेको छ। आशागरे अनुसार, क्लस्टरहरूमा अनुभवहरू शीघ्रतापूर्वक हाँसिल भइरहेकाछन् जहाँ सिकाइको सिमाको विस्तार पूर्णतया जागरुकताकासाथ आगाडि बढिरहेको छ। यस्ता स्थानहरूमा, निरन्तर बढीरहेको संख्यामा व्यक्तिहरूले सेवाको लागि आफ्नो क्षमतालाई बलियो बनाउन सक्षम बनाउने कुरा बुझि सकेकाछन्। योजनालाई अगाडि बढाउनको लागि समुदायको प्रयासमा क्रियाशील प्रशिक्षण प्रतिष्ठानले मुख्य आधारकोरुपमा काम गर्दछन् र छिटोभन्दा छिटो, संस्थान प्रक्रियामा सहभागी भएर विकसित भएका सीप र योग्यताहरूलाई व्यवहारिक रुपमा प्रयोगमा ल्याउनु पर्दछ। कुनै कुनै यस्ता समुदाय छन् जो आफ्ना दैनिक सामाजिक अन्तरक्रियाको माध्यमबाट ती व्यक्तिको सम्पर्कमा आउँदछन् जो विभिन्न प्रकारको प्रारुपको माध्यमबाट आध्यात्मिक विषयको अनुसन्धानको प्रति खुला विचार राख्ने व्यक्तिहरू छन्, जबकि केही क्षेत्रमा समुदाय स्थानान्तरित भएर गाउँ वा संभवतः त्यस क्षेत्रको छिमेकीमा स्थित मानिसहरूको ग्रहणशीलताको प्रत्युत्तर दिने स्थितिमा छन्। बढ्दो संख्यामा मानिसहरूको दायित्वको भार उठाउनको लागि खडा भएकाछन्, र यस प्रकार यी मित्रहरूको संख्या बढ्दै गइरहेको जो टचुटर, अनुप्रेरक र बाल कक्षा शिक्षकको रुपमा सेवा दिइरहनु भएको छ, जसले प्रशासन र संयोजन गरिरहेका छन्, या जो कार्यमा सहायता दिनको लागि अन्य प्रकारबाट परिश्रम गरिरहेका छन्। सिकाई कार्यप्रति मित्रहरूको समपर्ण भावना स्वयं उनको प्रयासको निरन्तरता र अन्यको प्रयासमा उनकोसाथ दिने इच्छाबाट अभिव्यक्त हुन्छ। यस बाहेक, क्लस्टर अन्तर्गत दृढताकासाथ परिलक्षित कार्य-योजनाको यस रुपरेखाको दायरामा एक अर्काको पूरक दुईवटा परिदृश्य समाहित गर्न सक्षम भएकाछन् :पहिलो क्रियाकलापको तीन महिने योजना बनाउनु जो कि विकास कार्यक्रमको एक लयात्मक धड्कन्जस्तै हुन्छ, र दोस्रो बाल-बालिका तथा किशोर-किशोरी वा युवा तथा प्रौढको लागि शिक्षाको प्रक्रियाको स्पष्ट चरण। यी तीनवटै चरणको अन्तर्सम्बन्धको स्पष्ट रुपलाई सम्झेर, मित्रहरूलाई अवगत नै छ कि प्रत्येक चरणको खास गतिशीलता छ, वास्तवमा जरुरत छ, र आफ्नै अन्तर्निहित गुण पनि। सबभन्दा राम्रो कुरा यो हो कि, तिनीहरूलाई थाहा छ कि सशक्त आध्यात्मिक शक्तिले आफ्नो काम गरिरहेको छ र तिनीहरूको कार्यको

प्रभावले समुदायको प्रगति झल्काउने परिमाणात्मक तथ्याङ्कबाट पनि स्पष्ट हुनसक्दछ तथा यसको उपलब्धिको सङ्काना गर्नेहरूको सबै विवरणहरूको माध्यमबाट पनि। भविष्यको लागि जुन कुरा विशेष रुपले आशाजनक छ, त्यो यो हो कि अनेक विशिष्ट एवं उल्लेखनीय क्षमता जो कि अत्यन्त उन्नत किसिमले क्लस्टरको विशेषता झल्कन्छ, यो यस्तो समुदायमा पनि परिलक्षित भएको छ जो आफ्नो विकासको पूर्णतया शुरुको विन्दुमा नै रहेको छ।

जब मित्रहरूको अनुभव गहिरिएर जान्छ, कुनै अध्ययन कक्षा अन्तर्गत जीवनको एक यस्तो समृद्ध र जटील ढाँचा विकसित गर्नको लागि उनीहरूको क्षमता पनि प्रकट भएको छ जसको दायरामा सयौं वा हजारौं मानिसहरू पनि समेट्न सकिन्छ। यो देखेर हामीहरू कति खुशी हुन्छौं कि बहाईहरूलाई आफ्नो प्रयासले अनेक अन्तर्दृष्टि प्राप्त भइरहेको छ। उदाहरणको लागि, उनीहरूले यो कुरा सम्झन्छन् कि क्लस्टरको स्तरमा योजनाको क्रमिक विकास एक गतिशील प्रक्रिया हो -एक यस्तो प्रक्रिया हो, जो अपरिहार्य जटिल छ र यसले कुनै तैयारी सरलीकरण प्रादान गर्दैन। तिनीहरूले यो देखिरहेका छन् कि जब जब मानव संसाधनको विकसित गर्ने तथा कार्य गर्नको लागि तैयार मानिसहरूको क्रियाकलापहरूको संयोजन तथा सुसंगठित गर्न आफ्ना यी दिनहरूमा क्षमताहरूको विकास गर्दछन् यसैगरि योजनाको पनि प्रगति हुदैं जानेछ। मित्रहरूले यो महसूस गर्नुहुन्छ कि जब जब यी क्षमताहरू बढ्दै जान्छन् तब व्यावक फराकिलो भएका कृयाकलापहरूको एकीकृत गर्न संभव हुन लाग्छ। यही तरिकाले उनीहरूले यो पनि सम्झन लागे कि जब कुनै नयाँ कुरा शुरु हुन्छ, तब केही समयसम्म यसबारे विशेष ध्यान दिनु आवश्यक पर्दछ, तर यसबाट समुदाय निर्माणमा उनीहरूको प्रयास अन्य कुराहरूको महत्वको कुनै पनि तरह कम हुने छैन। तिनीहरूले यो सम्झन्छन् कि यदि सिक्ने प्रक्रिया उनीहरूको कार्य संचालनको तरिका हुने हो भने उनीहरूले योजनाको कुनै पनि साधनद्वारा प्रस्तुत भएको थियो कि यस्तो कुनै पनि संभावना प्रति सजग रहनु पर्दछ जुन कुनै विशेष समयको लागि विशेष तौरतरिकाले उपयुक्त साबित हुन्छ र आवश्यकता परेमा, उनीहरूले विकासको लागि धेरै शक्ति लगाउनु पर्दछ, तर यसको यो अभिप्राय भने होइन, हर व्यक्ति योजनाको एक अवस्थामा लागिरहनु पर्दछ। मित्रहरूले यो पनि सिके कि यो आवश्यक छैन कि विकास कार्यक्रमको प्रत्येक चक्रको विस्तार चरणको मुख्य ध्यान एकै लक्ष्यको दिशामा निर्दिष्ट होओस्। उदाहणको लागि, परिस्थितिले माग गर्न सक्दछ कि कुनै खास चक्रमा मुख्य ध्यान शिक्षणको गहन प्रयास-व्यक्तिगत वा सामूहिक-माध्यमबाट मानिसहरूको प्रभुधर्मको दायरामा आमंत्रित गर्नमा दिनुपर्दछ। दोस्रो चक्रमा, कुनै विशेष मुख्य क्रियाकलापहरूको संख्या बढाउनमा ध्यान केन्द्रित गर्न सकिन्छ।

यसबाहेक, मित्रहरू यस कुरामा सजग छन् कि अलग-अलग स्थानमा प्रभुधर्मको कार्यको विकासको गति अलग अलग हुन्छ र यसको समुचित कारण पनि छ कि - आखिर यो एक सहजरुपले अगाडि बढ्ने अद्‌भूत घटना हो - र यो प्रगतिको हर घटना देखेर आनन्दित एवं उत्प्रेरित भइन्छ। वास्तवमा, समग्रको विकासमा प्रत्येक व्यक्तिको योगदानबाट मिल्ने लाभको उनीहरू सम्झन्छन्, र यस प्रकार, हर व्यक्तिको आफ्नै परिस्थिति-सम्भावनालाई ध्यानमा राख्दै एक एक व्यक्तिद्वारा प्रदान गरिएको सेवाको सबै स्वागत गर्दछन्। समीक्षा भेलाको बैठक यस्तो अवसरको रुपमा अब धेरैभन्दा धेरै देखा पर्न लागेको छ जहाँ समुदायको समग्र प्रयासको बारेमा गंभिरतापूर्बक र उत्साहवर्धक वातावरणमा चर्चा गरिन्छ। सहभागीहरूलाई यो जान्नेको अवसर मिल्छ कि सबै मिलाएर कुन कुन कार्यहरू भए, यस आलोकमा उनीहरू स्वयं आफ्ना प्रयत्नहरूको बारेमा बुझ्दछन्, तथा संस्थाहरूद्वारा दिइएका सल्लाहहरूलाई आत्मसाथ गरेर एवं साथी बहाईको अनुभवबाट सिकेर विकासको प्रक्रियाको बारेमा आफ्नो ज्ञान बढाउँछन्। यस्तो अनुभव कुनै अन्य स्थानमा पनि आदान प्रदान गरिन्छ जो विशिष्ट क्रियाकलापहरूमा गहन तरिकाले जुटेका मित्रहरूकाबीच परामर्शको स्थानको रुपमा उम्रन लागिरहेको छ चाहे त्यो मित्रहरूको कुनै सामान्य कार्ययोजनामा काम गरिरहेको छ वा क्लस्टरको कुनै खास भागमा आफ्नो सेवा दिइरहेकाछन्। यी सबै अन्तर्दृष्टि यस व्यापक समझदारीमा निहित छ कि यस्तो वातावरणको विकास सर्वाधिक सरलताबाट प्राप्त गर्न सकिन्छ जो प्रेमबाट परिपूर्ति हुन्छ-एक यस्तो वातावरण जसमा सहिष्णुताकासाथ कमी कमजोरीहरूलाई हेरिदैंन, बाधालाई धैर्यताकासाथ विजय पाइन्छ र परीक्षा उत्साहपूर्बक अंकमाल गरिन्छ। यस्तै तरिकाले, हर स्तरमा कार्यरत प्रभुधर्मका संस्थाहरू र एजेन्सिहरूको बुद्धिमत्तापूर्ण मार्गदर्शनको माध्यमले मित्रहरूको प्रयास, व्यक्तिगतरुपबाट त्यो चाहे जति नै छोटो प्रयास किन नहोस्-एक सामूहिक प्रयासमा गएर मिल्दछ, यसलाई सुनिश्चित गर्नको लागि "आशिर्वादित सौन्दर्यको आह्वानकोप्रति मानिसहरूको ग्रहणशीलताको तिव्रतकासाथ पहिचान हुनसकोस् र प्रभावकारी ढङ्गबाट उसको पोषण पनि होओस्। यी सर्तहरू पूरा

गर्ने क्लस्टर स्पष्टरुपबाट ती क्लस्टर हुन् जहाँ व्यक्ति, संस्था र समुदाय-अर्थात योजनाका यी तीन नायकको बीच सम्बन्धको विकास भइरहेको छ ।

बढिरहेका क्रियाकलापहरूको यस पृष्ठभूमिबाट हेर्दा, एक परिदृश्य खासगरि उल्लेखनीय लाग्दछ । आजभन्दा तीन वर्ष पहिले तपाईंहरूलाई दिइएको संदेशले हामीले यो आशा प्रकट गरेका थियौं कि यस्ता क्लस्टरहरू जहाँ सघन वृद्धि कार्यक्रम संचालित भइरहेका छन्, त्यहाँका मित्रगणहरू गाउँ वा छिमेकमा सघन क्रियाकलाप केन्द्रहरू विकास गरेर समुदाय निर्माणको तौरतरिकाबारेमा अधिक कुराहरू सिक्ने प्रयास गर्नेछन् । हाम्रा यी आशाहरूबाट पनि राम्रो परिणाम प्राप्त भएको छ, किनकि यस्ता क्लस्टरहरूमा पनि जहाँ वृद्धि कार्यक्रमलाई अहिले सघनता प्राप्त नभएको समयमा, कुनै कुनैद्वारा स-साना गाउँमा रहने मानिसहरूबीच क्रियाकलापहरू शुरु गर्ने प्रयासमा बारंबार आफ्नो प्रभावशीलता दर्शाइएको छ । सारांशमा यी प्रयासहरूको ध्यान बहाउल्लाहको शिक्षाप्रति ती जनसमूहको तत्परतामा केन्द्रित छ जो उहाँको प्रकटीकरणद्वारा संवर्धित आध्यात्मिक रुपान्तरणको लागि तैयार छन् । प्रशिक्षण प्रतिष्ठानद्वारा संवर्धित शैक्षिक प्रक्रियामा आफ्नो सहभागीताको माध्यमबाट यी मानिसहरू समाजद्वारा उनको मनमा राखिदिएको छ, जडता र उदासिनतालाई उखलेर फ्याँक्ने र त्यस स्थानमा जीवनलाई नै बदलदिने सक्षम कार्यपद्धतिको अनुसरण गर्नको लागि प्रेरित गरिएको छ । जहाकहीं पनि यो तरिका कुनै गाउँमा वा छिमेकमा केही वर्ष सम्म लगातार विकसित गरिएको छ र मित्रहरूले यसमा आफ्नो ध्यान केन्द्रित गर्नुभएको छ जहाँ क्रमिक र गल्ति नहुने तरिकाले उल्लेखनीय परिणाम देखिन लागेको छ । आफ्नो वरिपरि आफूभन्दा कम उमेरका युवाहरूको विकासको लागि दायित्व ग्रहण गर्नमा युवाहरूको सशक्तीकरण गरिएको छ । पूरै समुदायका क्रियाकलापहरूको बारेमा सार्थक विचार विमर्शको प्रक्रियामा युवाहरूको योगदानको पूरानो पुस्ताले स्वागत गरेको छ । युवाहरू र वयस्कहरू दुबैको लागि, समुदायको शैक्षिक प्रक्रियाद्वारा विकसित गरिएको छ, अनुशासनको भावना, परामर्शको लागि क्षमताको निर्माण र सार्थक कुराकानीको लागि अरु पनि नयाँ स्थानहरू विकसित हुन लागेकाछन् । तथापि परिवर्तन केवल बहाईहरू र योजना अनुसार मुख्य क्रियाकलापहरू संचालन गर्ने मित्रहरूलाई मात्र होइन कि समय क्रम मुताविक नयाँ विचार पद्धतिको अनुसारण गर्नेहरूलाई पनि अपेक्षा गरिएको छ । स्थान विशेषको चेतनामा पनि प्रभाव परिरहेको छ । एक विशाल जनसंख्यामा प्रार्थना सभा मनोवृत्तिले आफ्नो आकार ग्रहण गरिरहेको छ । महिला र पुरुषको समानताको आवाज झन् गहिरिएर गएको छ । बाल-बालिकाहरू, केटाहरू र केटीहरूको शिक्षामा अधिक रुपमा ध्यान दिइएको छ । परिवारका सदस्यहरू बीचको अन्तर्सम्बन्धको प्रकृति, जो सदियौं पुरानो मान्यताद्वारा गढेर गएको थियो, धेरै तेजकासाथ बदलिन थालेको छ । आफ्नो एकदम नजिकको समुदाय जसको भौतिक पर्यावरणकोप्रति उत्तरदायित्वको भावना प्रचलित हुन लागेको छ । यहाँसम्म कि पूर्वाग्रह अभिसाप भएको छ, जसको दुषित छायाँ हर समाजमा परिरहेको छ, एकताको बाध्यकारी शक्तिको अगाडि निहुरिन लागेको छ । संक्षेपमा, मित्रहरू समुदाय निर्माणको जुन कार्यमा लागेकाछन् उनीहरू पूर्णरुपमा संस्कृतिको दृष्टिमा आफ्नो प्रभाव पारिरहेकाछन् ।

विगतका वर्षहरूमा जब विस्तार र सुदृढीकरणको सतत रुपमा प्रगति भयो, अरु महत्वपूर्ण क्रियाकलापको क्षेत्रहरू पनि प्रायः समानान्तररुपले अगाडि बढे । एक मुख्य उदाहरणको रुपमा, केही गाउँहरू र छिमेकीहरूमा संस्कृतिको स्तरमा जो प्रगति देखिएको छ, त्यसमा सामाजिक क्रियाकलापहरूमा बहाई सहभागीताको कारण सिकाईको प्रभाव कम भएको छैन । हाम्रो सामाजिक-आर्थिक विकास कार्यालयले हालसालै एक दस्तावेज तयार गर्नुभएको छ जसमा बहाई विश्व केन्द्रमा यस कार्यालयको स्थापनादेखि यस क्षेत्रमा तीस वर्षको अनुभवको निचोड प्रस्तुत गरिएको छ । यिनमा जुन तथ्य प्रस्तुत गरिएको छ यसमा एक यो पनि हो कि सामाजिक कार्यमा संलग्न हुने सम्बन्धि प्रयासमा एक प्रमुख प्रेरणा प्रशिक्षण प्रतिष्ठानबाट मिलेको हो । यो केबल प्रतिष्ठानद्वारा प्रशिक्षित मानव संसाधन बढाउनाले संभव भएको भने होइन । प्रतिष्ठान प्रक्रियाद्वारा संवर्द्धित आध्यात्मिक अन्तर्दृष्टि, गुण र योग्यता, सामाजिक कार्यमा सहभागीता हुनुको दृष्टिले उत्तिकै निर्णायक सावित भएको छ जति विकास प्रक्रियामा योगदान दिनेको दृष्टिले । त्यस पछि यो कुरा बताइएको छ कि कुन प्रकार बहाई समुदायको प्रयासको सुस्पष्ट क्षेत्र, परस्पर एक-अर्काको बल प्रदान गर्नेहरूको तत्वबाट निर्मित एक सामान्य, विकासशील, अवधारणात्मक संरचनाबाट शासित हुन्छ, तथापि यी तत्व विभिन्न कार्यक्षेत्रमा, विविधरुपबाट स्वयंको अभिव्यक्त गर्दछ । हामीले जुन दस्तावेजको वर्णन गरेका छौं, त्यसमा हालसालै राष्ट्रिय आध्यात्मिक सभाहरूकोसाथ आदान प्रदान गरिएको छ र हामी उहाँहरूलाई आमन्त्रित गर्दछौं कि उहाँहरू सल्लाहकारज्यूसँग परामर्श गरेर, यो विचार गर्नुपर्दछ कि तिनीहरूमा अन्वेषण गरिएको अवधारणाहरूबाट राष्ट्रिय आध्यात्मिक सभाहरूको तत्वावधानमा संचालित सामाजिक कार्यको मौजूदा प्रयासको समृद्ध

बनाउने र बहाई क्रियाकलापहरूको यस महत्वपूर्ण आयामप्रति जागरुकता बढाउनमा कसरी मद्दत मिल्न सक्दछ । तर, यसरी यस क्षेत्रमा व्यापक क्रियाकलापहरू चलाउनको लागि आह्वानकोरुपमा नगर्न र जब कोही विकासशील समुदाय सशक्त हुँदैजान्छ तब सामाजिक कार्यको अभ्युदय सहज रुपमा हुनथाल्दछ-तर समयमा नै मित्रहरूले समाजको रुपान्तरणको लागि गरिरहेका प्रयत्नहरूको निहित अर्थको बारेमा मित्रहरूले धेरै गहनताकासाथ सोच्नु पर्दछ । यस क्षेत्रमा सिक्नको लागि जो धेरै परिलक्षित भएकाछन् उनीहरूबाट सामाजिक-आर्थिक विकास कार्यालयबाट धेरै अपेक्षा बढेकोछ, र यसलाई सुनिश्चित गर्नको लागि पाइला चालिएको छ कि यही अनुपातमा उसको कार्य प्रक्रियाको पनि विकास हुन सकोस् ।

पछिल्लो बाह्र महिनामा एक खासरुपमा उल्लेखनीय विशेषता के रह्यो भने, धेरै पटक र धेरै प्रसङ्गमा, समान विचार राख्ने मानिसहरूसँग मिलेर समाजको उन्नतिको लागि गरिएका प्रयासहरूको सन्दर्भमा बहाई समुदायको पहिचान स्थापना भयो । अन्तर्राष्ट्रिय क्षेत्रदेखि लिएर गाउँसम्म (ग्रामिण जीवन) हर प्रकारको पृष्ठभूमिका अग्रणी विचार भएका जो-जसले जागरुकता दर्शाएकाछन् र बहाईहरूको मनमा मानवजातिको कल्याणको केवल भावना मात्र होइन कि बरु उनीहरूकोसाथ यसको स्पष्ट परिकल्पना पनि छ कि आफ्नो अभिलाषाको साकार रुप दिनको लागि के गर्नुपर्दछ र उनीहरूको लागि प्रभावकारी साधन के के हुन् । सह्रना र समर्थनका यी अभिव्यक्तिहरू पहिलेदेखि अनपेक्षित रुपमा केही भागबाट पनि प्रकट भएको छ । उदाहरणको लागि, प्रभुधर्मको जन्मभूमिमा पनि विरोधीहरूद्वारा बहाईहरूको मार्गमा बिछाईएको कठिन बाधाहरूको बावजूत उनीहरूको पहिचान अब यस रुपमा बढेर गाइरहेको छ कि आ-आफ्नो राष्ट्रको स्थितिको संदर्भमा बहाईहरूकोसाथ जे संदेश छ त्यसको अभिप्राय गम्भिर छ र आफ्नो मातृभूमिको उन्नतिको लागि उहाँको अदम्य दृढ संकल्पको कारण उनकोप्रति आदरभावको भावनाको दिनप्रतिदिन विकास भइरहेको छ ।

ईरानका निष्ठावान बहाईहरूलाई, विशेष गरेर दमनको नयाँ लहर शुरुगर्न गएपछिको दशकमा, जो यातना दिइयो, यसले अन्य देशहरूमा रहने उनका भाई बहिनीहरू तिनीहरूको रक्षाका लागि अगाडि आउन प्रेरणा मिल्यो । उनीहरूको सहिष्णुताको परिणामस्वरुप विश्वव्यापी बहाई समुदायले बहुमूल्य निधि मध्येबाट एउटा आर्जित त्यसको वर्णन यहाँ गरिएको छ : राष्ट्रिय स्तरमा विशेष एजेन्सिको एक प्रभावकारी नेटवर्क जो सरकारहरू एवं नागरिक समाजको संगठनकासाथ सुव्यवस्थित रुपले सम्बन्धको विकास गर्नमा सक्षम सावित भएको छ । यसको समानांतर, क्रमिक योजनाहरूको प्रक्रियाको कारण हर स्थान, जताततै यस्तो कुराकानीको मौका आएमा, त्यसमा सहभागी हुनको लागि समुदायको क्षमता परिमार्जित भएको छ-व्यक्तिगत कुराकानीदेखि लिएर अन्तर्राष्ट्रिय मञ्चसम्म । ग्रामिण स्तरसम्म, यस प्रकारको प्रयासहरूमा भागीदारीको विकास स्वभाविक रुपबाट हुन्छ-यस्तो सहज तरिकाले जो कोही सामाजिक क्रियाकलापहरूमा मित्रहरूको सतत बढिरहेको भागीदारीको परिलक्षित गर्दछ, र यसरी उत्प्रेरित गर्नाले कुनै विशेष प्रयासको आवश्यकता पर्दैन । जबकी राष्ट्रिय स्तरमा यी समर्पित एजेन्सिहरूको लागि जुन कि दर्जनौ राष्ट्रिय समुदायमा पहिले देखि नै कार्यरत छन्, यस विषयमा प्राय: विशेषरुपले ध्यान केन्द्रित गर्नु आवश्यक देखिन्छ, र यस कामको सक्रियता, समीक्षा, परामर्श र अध्ययनको उही सुपरिचित र सार्थक तरिकाले अगाडि बढाइरहिएको छ । यस्ता प्रयासहरूलाई समृद्ध बनाउनको लागि, यस विशेष क्षेत्रमा सिक्नेको प्रक्रियालाई मद्दत गर्नेको हेतु, र यो सुनिश्चित गर्नको लागि उठाइएको कदम बहाई समुदायद्वारा गरिरहँदै गरेका अन्य प्रयासहरूको समरुप हो, हामीले हालमा बहाई विश्व केन्द्रमा एक अफिस अफ पब्लिक डिस्कोर्सको कार्यालय स्थापना गरेका छौं । हामी आह्वान गर्दछौं कि यो क्रमिक रुपबाट क्रियाकलापहरूको संयोजन र अनुभवहरूको सुनियोजित गर्दै यस क्षेत्रमा राष्ट्रिय आध्यात्मिक सभालाई सहयोग गर्न ।

अन्य क्षेत्रमा पनि उत्साहजनक रुपले प्रगति भइरहेको छ । सेन्टिएगो, चिलीमा जहाँ दक्षिण अमेरिकाको मातृ मंदिरको निर्माण भइरहेको छ, निर्माण कार्य एकदम छिटो गतिले अगाडि बढिरहेको छ । आधारशिला, बेसमेंट र सर्भिस टनेलको कंक्रिट निर्माण पूरा भइसकेको छ र साथै मुख्य संरचनाको सहारा दिने स्तम्भ पनि बनेर तयार भएको छ । यस परियोजनाको बारेमा उत्सुकता बढीरहेको छ, र यस्तो उत्सुकताको भावना ती सात देशमा बनिरहेको छ जहाँ राष्ट्रिय वा स्थानीय मशरिकुल-अधकरको निर्माण हुनेछ । यिनीहरू प्रत्येकमा तैयारी शुरुभएको छ र मन्दिर कोषमा मित्रहरूद्वारा दानको उपयोग गर्न पनि शुरुभैसकेको छ । तर व्यवहारिक कुराहरू, स्थान, डिजाइन्, र संसाधन मित्रहरूद्वारा आरम्भ भइरहेको छ र यस कार्यको केवल एक दृष्टि मित्रहरूले लिनुभएको छ । मूलभूतरुपमा, यो

उनीहरूको एक आध्यात्मिक प्रयास हो, एक यस्तो प्रयास जसमा सारा समुदाय आफ्नो हिस्सेदारी निभाउँदछन् । प्रिय मास्टरले मशरिकुल-अधकरको "दिव्य संपुष्टिको चुम्बक", "प्रभुको शक्तिशाली आधारशिला" र "ईश्वरको धर्मको सुदृढ स्तम्भ" भनेर सम्बोधन गर्नुभएको छ । मंदिरको स्थापना जहाँभए पनि यो सहजरुपले आफ्नो आसपासको समुदायको निर्माण प्रक्रियाको आधारभूत घटक बन्नेछ । जुन स्थानमा उपासना मन्दिरको निर्माण हुन गइरहेको छ, त्यहाँ धर्मावलम्विहरूको हर तप्कामा सत्यताको गहिरो समभ्रुदारी पहिलेदेखि नै बनिरहेको छ, जसले यस्तो महसूस गर्न लागे कि उनीहरूको सामूहिक जीवनमा उपासना र सेवा भावनाको संयोजन अब धेरैभन्दा धेरै भ्रुल्कनु पर्दछ, जुन मशरिकुल-अधकर स्वयं एक मूर्तिमान स्वरुप हो ।

अतः हर अग्रभागमा हामीले देख्छौं कि बहाई समुदाय निरन्तर अगाडि बढीरहेको छ, उनीहरूको बुभ्राई अगाडिबढिरहेको छ, आफ्नो अनुभवले अन्तर्दृष्टि प्राप्तगर्न उत्सुक छन्, जब कुनै संसाधनले यसलाई सम्भव बनाउँदछ, उनीहरू नयाँ जिम्मेवारी लिनको लागि तयार हुन्छन्, उनीहरू नयाँ नयाँ आवश्यकताहरूप्रति प्रत्युत्तरशील छन्, जुन कार्यमा उनीहरू संलग्नछन् त्यसको विविध क्रियाकलापको बीच तालमेल सुनिश्चित गर्नुको आवश्यकताप्रति सचेत छन्, आफ्नो कार्य पूरा गर्नको लागि पूर्णतः समर्पित छन् । लगभग दुई महिना पहिले पूरै विश्वमा आयोजना गरिने ९५ वटा युवा सम्मेलनको घोषणा प्रति यसको अपार उत्कण्ठाबाट उत्साह र समर्पणको भ्रुलक मिलेको छ । हामी न केवल स्वयं युवाहरूको प्रतिक्रियाबाट संतुष्ट छौं परन्तु उनको साथी बहाईहरूद्वारा -जो यी कुराहरूलाई सम्भ्रुन्छन् कि बहाउल्लाहको युवा अनुयायी कुन प्रकारको धर्मको सम्पूर्ण ढाँचाको लागि एक महत्वपूर्ण उत्प्रेरकको रुपमा काम गर्दछन्-समर्थनको स्वर उनीहरूले पनि ध्वनित गरे ।

बहाउल्लाहका सन्देशको प्रसार, त्यसको प्रभावबाट भएको विस्तार र त्यसमा निहित आदर्शहरूकोप्रति मानिसहरूको बढ्दो जागरुकताको क्रमिक प्रमाणहरू देखेर हामी आशावादी छौं । यस वार्षिकी ऋतुको यस बेला हामी यो रिज्वानदेखि डेढ शताब्दिको समयसम्म खडा "अतिशय आनन्दको यस दिवस"को सम्भ्रुना गरेका छौं जब "आभा सौन्दर्य"ले नजिबियाहको बगैंचामा आफ्ना मित्रहरू समक्ष पहिलोपटक आफ्नो कार्यको घोषणा गर्नुभएको थियो । यस पवित्र स्थलबाट आज ईश्वरको वाणी मानवजाति आफ्नो प्रभुको सम्मुख उपस्थित हुनको लागि आह्वान सुनिएको छ, हर नगर हर किनारसम्म पुगिसकेको छ । र यस आरंभिक ईश्वरको प्रेमोन्मत्त सेवकहरूबाट शुरु भएर आज एक विविधतापूर्ण, उद्देश्यपूर्ण समुदाय फक्रिएको छ, "उहाँले बगैचामा वैविध्यपूर्ण फूल उमारी दिनुभएको छ । वितेका दिनहरूकासाथ, नयाँ जागृतिबाट सम्पन्न बढिरहेको संख्यामा आत्माहरू उहाँको समाधितर्फ याचनामय भावसित अभिमुख हुन्छौं-त्यस स्थलतिर जहाँ त्यस "आशीर्वादित दिन"को सम्मानमा तथा "महानतम नाम" को समुदायले प्रदान गरिएको हर कृपा प्रति आभार स्वरुप, हामी "पवित्र संघार" मा प्रार्थना गर्दै हाम्रा शिर निहुऱ्याउछौं ।

विश्व न्याय गृह